CC-0. In Public Domain. Digitization by eGangotri

# सुपर नेपाली लोकगीत संग्रह

जश

ाल)

१२

२३

मोल १/-

२४

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सुपर

# नेपाली लोक-गीत संग्रह

संग्रहकर्ता

"अमुक"—मुरारी ढकाल र भाइ नरेश-राजेश

जनकपुर धाम (भानु चौक)

सरोज प्रकाशन

जनकपुर धाम (नेपाल)

मोल २/-

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
सरोज प्रकाशन
जनकपुर धाम (नेपाल)

सोल एजेन्ट
श्री जानकी पुस्तक भण्डार
जानकी पथ, जनकपुर धाम
( नेपाल )

मोल २/- नेरू

मुद्रक :
श्री शंकर मुद्रणालय,
हाथी गली, वाराणसी

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय-सूची


| | |
|---|---|
| आँखाहरूले रून न खोजे | ७ |
| पानी खाने निहुले तिम्रो घरमा | ८ |
| तिमि आऊँछौ भन्ने | ९ |
| यो कर्मभूमिको आँगनमा | १० |
| सय र पत्नी फूल फुल्यो | ११ |
| शिखर भनौ कहाँ पाए | १२ |
| हाम्रो देश वीर हिमालीको देश | १३ |
| आज भन्दा दुई वर्ष पहिले | १४ |
| सायद तिमीलाई थाहा छैन होला | १५ |
| हिजो आज आइना हेर्दा | १६ |
| तिमिले दिएका वाचाहरू | १७ |
| मैले त तिमिलाई भनेकै थिएँ नी | १८ |
| मैले हार्न खोजेर हार्न सकिन | १९ |
| आँखाहरूमा गह अल्झींदा | २० |
| रात भरी मेरो कथा | २१ |
| छाती भरी व्याथाहरू | २२ |
| आँखामा आँसु लिएर होइन | २३ |
| म मौनतामा अल्झिरहेको | २४ |

CC-0. In Public Domain. Digitization by eGangotri




| | |
|---|---|
| भूल हो तेरा भागी हिंड्ने | २५ |
| मइलेरचेका गीतहरू तिमीलाई | २६ |
| मेरो जीवन छितोज डुबी जाने | २७ |
| जति पखिएमा उति बल्झीएमा | २८ |
| तिम्रो कसरी म विश्वास गरूँ मयालु | २९ |
| सुनसान रातमा म | ३० |
| जति हाँसु भन्छु आँसुमा | ३१ |
| झूठो कसमको पत्यार गरायौं | ३२ |
| भादल बज्यो घिन्धीन्तांग | ३३ |
| कुन शहरमा छौ मायालु | ३४ |
| कति कमजोर रहेछ भाग्य | ३५ |
| वितेका कुराले केहि चोट | ३६ |
| झरना तिमि न झरी देऊ | ३७ |
| माया मेरी साँझ बनि डोली | ३८ |
| अधर को मुस्कान केही होइन | ३९ |
| पोखिएर घामको झुल्का | ४० |
| जीवनको हर क्षणमा कोही | ४१ |
| पत्थर पनि पागलो यहाँ | ४२ |
| वितेको जीवन मेरो | ४३ |
| तिम्रो नामले बोलाउँदा | ४४ |
| ऐना न भए आफ्नो अनुहार | ४५ |

CC-0. In Public Domain. Digitization by eGangotri




| | | |
|---|---|---|
| २५ | च्यति देउ पाना भरी लेखिएका प्रीतहरू | ४६ |
| २६ | तिम्रो घुम्टो भित्र लुक्न देऊ | ४७ |
| २७ | तिमीलाई म आज आफ्नो मनको कथा | ४८ |
| २८ | आँखा देखी आखासम्म सपना बग्दैछ | ४९ |
| २९ | वर्णन तिम्रो कसमा गरूँ | ५० |
| ३० | बेगुनी छौ माया तिमि माया | ५१ |
| ३१ | उड़ी जाऊँ भने मेरो कही | ५२ |
| ३२ | सहि दिन्छु कुट बरू | ५३ |
| ३३ | मखमली चोलो चाहिंदेन | ५४ |
| ३४ | मलाई आँखैमा बसाउनु पर्ने | ५५ |
| ३५ | तरूनीको रात सधै रोइरहन्छ | ५६ |
| ३६ | म रूप हुँ तिमि दर्पण | ५७ |
| ३७ | सुवासले मात्र दिल | ५८ |
| ३८ | तिमिलाई देखे र आँखा | ५९ |
| ३९ | आँखा थोपी न रोऊ भनी | ६० |
| ४० | | |
| ४१ | | |
| ४२ | | |
| ४३ | | |
| ४४ | | |
| ४५ | | |

CC-0. In Public Domain. Digitization by eGangotri

## S. L. C. का छात्र-छात्राहरू का लागि—

छिटो आउन्देछ :

(1) Golden Answer of S. L C. Science

(2) Golden Answer of S. L. C. Mathematics

(3) Golden Answer of S. L. C. नेपाली

(4) Golden Answer of S. L. C. (सामाजिकशिक्षा)

(5) Golden Answer of S. L.C. Hy-Fy

**सरोज प्रकाशन**

**जनकपुरधाम (नेपाल)**

CC-0. In Public Domain. Digitization by eGangotri



आँखाहरूले रून नखोजे ओठहरूले हाँस्न नखोजे
जीवन कति सुन्दर हुन्थ्यो होला
मेरो जीवन कति सुन्दर हुन्थ्यो होला
आँखहरूले.....

मानोस भीत्र किन मन हुन्छ मन भीत्र किन चाहना हुन्छ
उदास-२ आँखामा पनि किन इन्द्रेणी सपना हुन्छ २
अरूलाई भुल्न किन सकेन
सपनाहरूले छल्न नआए
खुशीहरूले चल्न नआए
जीवन कति सुन्दर हुन्थ्यो होला मेरा जीवन....
आँखाहरूले रून.....

संसार अट्ने मुटुमा किन माया सिबाय केही अटेन
आफूछाई भुल्न सक्ने हृदयले अरूलाई भुल्न किन सकेन
अरूलाई भुल्न किन सकेन

मायाहरूले चल्न नआए
आशाहरूले भुल्न नआए
जीवन कति सुन्दर हुन्थ्यो होला मेरो-
जीवन कति सुन्दर हुन्थ्यो होला
आँखाहरूले रून.....

CC-0. In Public Domain. Digitization by eGangotri

## स्वर : मधुक्षेत्री र बासुदेव मुनाल

पानी खाने निहुले तिम्रो घरमा आउँला
मौका मिले रानीबनमा घुम्न जाउँला
मोरी घुमाउँला तैंलाई नभन्नु है कसैलाई कसैलाई
पानी खाने.....
ओठ टोकी मलाई हेर्छौं के को पिरले
लाग्ला चोट दुई आंखाको कर्के तिरले
भन्ने कुरो थोरै छ बुझ्ने कुरो धेरै छ धेरै छ
पानी खाने.....
गुरांसको फूल जस्तो तिम्रो जोवन
मायालुलाई माया मारी जान्छु नभन
कागजैमा लेखौंला जान्छु फेरी भेटौंला भेटौंला
पानी खाने निहुँले तिम्रो घरमा आउँला
मौका मिले रानी बनमा घुम्न जाउँला.....

सरोज प्रकाशनबाट
प्रकाशित पुस्तक यहाँ पाइन्छ
विद्यार्थी पुस्तक भण्डार
लहान बाजार

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : उदित नारायण झा

तिमी आउँछौ भन्ने आस आसैमा
बाटो भरी यी आँखा ओछ्याई रहन्छु
तिमी सागर भएर जता बगे पनि
म किनार बनेर पछ्याई रहन्छु
तिमी आउँछौ भन्ने.....

तिमीले नदी किनारमा गएर सुन्नु
म कल कलाएको हुन्छु
तिमी आउँछौ भन्ने.....

तिमी राती आकाशमा तारा हेर्नु म मतलब लायको हुन्छु
हावाको हरेक स्पर्शहरू म थोरै सलवलाएको हुन्छु
तिमी आउँछौ भन्ने.....

तिमीले गुफा पहरोमा बसेर सुन्नु म हुन हुनायको हुन्छु
म तिम्रो बोलीको प्रतिध्वनिमा मधुर गुनगुनाएको सुन्छु
तिमी आउँछौ भन्ने.....

सरोज प्रकाशनबाट
प्रकाशित पुस्तकका लागि हामीलाई सम्झनुहोस्
स्टेन्डर न्युजहाउस
विराटनगर

CC-0. In Public Domain. Digitization by eGangotri

# ( राष्ट्रिय गीत )

स्वर : दीपक खरेल

यो कर्म भूमिको आँगनमा कर्मको उदाहरण प्रस्तुत गरेर
देखाउ ( याहाँको धर्ति बाँझो छैन ) २
( विकासको मूल फुटाउ ) २
यो कर्म भूमिको.....
( विश्वास गर्छन् याहाँका मानिसहरू भाग्यमा होइन-
कर्ममा ) २
विकासको लहर पुगाउनुछ शहरमा होइन गाउँमा
गाउँ-गाउँमा, गाउँ-गाउँमा
यो शान्त क्षेत्रको आँगनमा शान्तिको उदाहरण प्रस्तुत-
गरेर देखाउ
( याहाँको धरती बाँझो छैन ) २
( विकासको मूल फुटाउ ) २
यो कर्म भूमि.....
( निर्माण गर्ने अपार शक्ति छ नेपालीका पाखुरीमा ) २
देशभक्ति दौड़िरहन्छ याहाँ रगतको थोपामा
थोपा-थोपामा, थोपा-थोपामा
यो पूण्य भूमिको आँगनमा धर्मको उदाहरण प्रस्तुत-गरेर
देखाउ
( याहाँको धरति बाँझो छैन ) २
( विकासको मूल फुटाउ )
यो कर्म भूमिको.....

CC-0. In Public Domain. Digitization by eGangotri



सय र पत्री फूल र फुल्यो बाबाको बारीमा
अचेल भरी हृदय मेरो डाँड़ाको पारीमा
सय र पत्री .....

विहानी पख टिपुंला फूल राखुंला पोल्टामा
दिनै र भरी गुथुंला माला एकान्त कोल्टामा
सय र पत्री.....

बाबाले सोधे भनुंला फूल द्यौतालाई टिपेको
आमाले सोधे भनुंला माला बनाउन सिकेको
सय र पत्री.....

दिदि र बैनीहरूले सोधे म खाली हाँसुला
दिलको गीत गाएर माला गास्न त गाँसुला
सय र पत्री.....

सबै किसीमका पुस्तक, स्टेशनरी, खेलकूदका सामान र
पत्रपत्रिकाका साथै
सरोज प्रकाशनबाट प्रकाशित
पुस्तकहरू पाइने ठाऊँ
श्री जानकी पुस्तक भण्डार
जानकी पथ, जनकपुरधाम ( नेपाल )

CC-0. In Public Domain. Digitization by eGangotri



शिरवर भनी काहाँ पाए जति मेरो माया
भ्याए जती मेरो माया जान्छ जाहाँ जाहाँ
सहँदै जानु पर्ला दाई आउला दिन यस्तो यस्तो
मत यस्तो होइन दाई मेरो करम यस्तो
भ्याए जति गर्दै जाने आफ्नो धरम यस्तो
सहँदै जानु पर्ला दाई पर्ला—जस्तो जस्तो
शिखर भनो काहाँ.....

मैले जती पाइला हिंडे सबै मेटदै आएँ
पाए जती खुशी व्यथा सब समेटदै आएँ
यहि भाखा गाउँला भनी मैले-रेटदै रेटदै आएँ
शिखर भनी काहाँ.....

●

सरोज प्रकाशनबाट प्रकाशित
पाठ्य पुस्तक र देश-विदेशका पत्र-पत्रिका यहाँ पाइन्छ
ट्रेभलार बुक हाउस
बसस्टेन्ड, वीरगंज

CC-0. In Public Domain. Digitization by eGangotri

# ( राष्ट्रिय गीत )

हाम्रो देश वीर हिमालीको देश
हामी नेपालीको देश, हामी नेपालीको देश
मेरो देश .....

( कोशी बग्छ कलकल गर्दै सगरमाथा जाहाँ हाँस्छ ) २
लाली गुराँस फुल्दछ जहाँ
डाँफे चरीले नाच्छ डाँफे चरीले नाच्छ
मेरो देश.....

( अरनिकोले दिए कला जहाँ बुद्धले पाए ज्ञान ) २
गंगा, शुक्र, दशरथले जहाँ देशको लागि दिए ज्यान
देशको लागी दिए ज्यान
मेरो देश वीर हिमाली.....


## सरोज प्रकाशनबाट प्रकाशित

गाइड, नेपाली-गीत, हिन्दी-गीतका साथै पाठ्य पुस्तक र देश-विदेशका पत्र-पत्रिका का लागि हामीलाई सम्झनुहोस

## अखिलेश्वर पुस्तक पसल

लालबन्दी

CC-0. In Public Domain. Digitization by eGangotri

# शब्द् तथा संगीत : अतुलराज रेग्मी

## स्वर : सामुहिक

आज भन्दा दुई वर्ष पहिले
एकदिन बेलुकि मेरो साथीले भन्यो :—

{ आज मलाई कसैले सोधेछ
आज मलाई कसैले रोजेछ }

अन्जानैमा लगाएको मायाले
मुटु मेरो जलीरहेछ
निष्ठुरी भई बिर्से पनि
यादले उनको सताई रहन्छ
आज मलाई.....
एउटै धोको थियो, तिमीलाई जीवन साथी बनाउने
तर मैले पुऱ्याउन सकिन
म मर्ने छुँ हात आसै आसमा
( सिउँदो तिम्रो रङ्गन सकिने )

आज मलाई कसैले सोधेछ
आज मलाई कसैले रोजे

CC-0. In Public Domain. Digitization by eGangotri

## शब्द : अतुलराज रेग्मी

संगीत : ,, ,, ,,

स्वर : सामुहिक

सायद तिमीलाई थाहा छैन होला, कति प्रेम गर्छु तिमीलाई ।
( सायद तिमीलाई थाहा छैन होला, कति प्रेम गर्छु तिमीलाई ) ३

( भन्न खोजेर भन्न सकिन ) २
( मायालु तिमीलाई आफ्नो बनाउन सकिन ) २
त्यसैले म भन्छु ए मेरी मायालु
माया आफै हुँदो रहेछ, गरेर हुँदैन
सायद तिगीलाई.....

( सजाउन चाहेर सजाउन सकिन ) २
( मायालु तिम्रो सिउँदो मैले रङ्गन सकिन ) २
तैपनि म भन्छु ए मेरी मायालु !
विछोड़ भयो केही छैन हाम्रो प्रेम रहोस पवित्र
सायद तिमीलाई.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : तारा देवी

हिजो आज अइना हेर्दा आफुलाई नै काउकुती लाग्छ
के भो के भो अइना हेर्दा आफुलाई नै लाज लाग्छ
( बाटो हिंडने जति सबै फर्किन्दै हेर्छन् ) २
( सबै जना यै रूपको तारीफ मात्र गर्छन् ) २
( आज भोली अइना..... ) २
( के भो के अइना हेर्दा आफुलाई नै लाज लाग्छ ) २
( मैले हाँस्दा फूलहरू लाज किन मान्दछन् ) २
( मैले हेर्दा जुनैतारा लुक्न किन खोज्दैन ) २
( आज भोलि अइना हेर्दा.....) २
( के भो के भो अइना हेर्दा आफुलाई नै लाज लाग्छ ) २
के भो के भो.....

सरोज प्रकाशनबाट प्रकाशित
गाइडका साथै नेपाली-गीत, फिल्मी-गीत यहाँ पाइन्छ
श्याम पुस्तक भण्डार
विराटनगर

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : मधु क्षेत्री

तिमीले दिएका वाचाहरू आज सबै ढुङ्गा भए
ढुङ्गा भएत बेसै हुन्थ्यो तर सबै टुक्रा भए
तिमीले दिएका.....
( सपनीमा आउँछु मत बिपनीमा छोडी गयौ ) २
सपनीका विपनीका मायाहरू सबै तोडी गयौ
तिमीले दिएका.....
( सौन्दर्यको म पुजारी थिएँ आदर्शको म दर्पण थिएँ ) २
सौन्दर्यको आदर्शको दर्पण याहाँ सबै तोडी गयौ
तिमीले दिएका वाचाहरू.....
( प्रेम हो भनी म लाउन पुगें प्रोति न हो भनी गाँस्न पुगें )
न हो प्रेम न हो प्रीति न हो माया ति सब छल हो
तिमीले दिएका वाचाहरू.....

सरोज प्रकाशनबाट
प्रकाशित पुस्तक यहाँ पाइन्छ
सरस्वती पुस्तक भण्डार
वीरगञ्ज

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : ओमविक्रम विष्ट

( मैले त तिमीलाई भनेकै थिएँ नी )
( माया मसित नलाउ है भनेर )
मैले त तिमीलाई भनेकै थिए नी
( माया नशालु नशा हो भनेर ) २
अमृत संझी तिमीले पि दियौ ) २
( साह्रै नै बेहोस् भएर ) २
मैले त तिमीलाई भने कै थिएंनी
मैले त तिमीलाई भनेकै थिएँ नी
( माया कागजको फुल हो भनेर ) २
( तिमीले त्यसलाई चुड़न खोजी दियौ ) २
( साह्रै नै बेहोस भएर ) २
मैले त तिमीलाई भने कै थिएंनी.....

सरोज प्रकाशनबाट
प्रकाशित पुस्तक र देश-विदेशका पत्र-पत्रिका यहाँ पाइन्छ
संतोष पत्र-पत्रिका सेन्टर
होटल होलीडेको सामने ( जनकपुरधाम )

CC-0. In Public Domain. Digitization by eGangotri



मैले हार्न खोजेर हार्न सकिन
जित्न खोजेर के गरूँ
सभल्न खोजेर सभल्नै सकिन
अधिर भएर के गरूँ
मैले हार्न खोजेर .....

( आशा गरेर बसुँता तिमी धरती म आकाश ) २
( निराश भएर छोडी दिउँ त तिमी संगीत म साज ) २
मैले भन्न खोजेर भन्नै सकिन
मौन रहेर के गरूँ
मैले हार्न खोजेर.....

( माया गरेर बसुँ त तिमी चिसो म उडदो बाफ ) २
( हेला गरेर छोडी दिउँ त तिमी सौन्दर्य म मधुमास ) २
मैले भन्न खोजेर भन्नै सकिन
मैले हार्न खोजेर.....

CC-0. In Public Domain. Digitization by eGangotri



आँखाहरूमा गह अल्झींदा सोचेको बाटो बदलिन सक्छ
विश्वासले मुटु जितेको बेला मनैत हो बहकिन सक्छ
आँखाहरूमा गह.....
यात्रा अझै यात्रा अझै सकिएको छैन
न सोचेको ठाउँ यात्रा अझै थपिन सक्छ
तिमीले नचाहेका कति अनुहार मनैले जानेर चिनीन सक्छ
विश्वासले मुटु जितेको बेला मनैत हो बहकिन सक्छ
आँखाहरूमा गह.....
बिछोडमा बिछोडमा कहलिने साथी
मिलनमा बिछोडमा बहकिन सक्छ
तिमीले न चाहेका कति अनुहार
मनैले जितेर चिनोन सक्छ
विश्वासले मुटु जितेको बेला मनैत हो बहकिन सक्छ
आँखाहरूमा गह.....

सरोज प्रकाशनबाट
प्रकाशित पुस्तक यहाँ पाइन्छ
सुमन पुस्तक भण्डार
विराटनगर

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : ध्रुव के० सी०

तारा भरी मेरो कथा जुन भरी तिम्रो कथा
रात जति बैगुनी हो गुन भरी तिम्रा कथा
गुन भरी तिम्रो कथा ताराभरी मेरो·····
कहिले आँखा दोषी हुन्छ कहिले रूप दोषी हुन्छ
यो छातीको झोली भित्र कहिले माया बेसी हुन्छ
कहिले आँखा दोषी हुन्छ कहिले रूप दोषी हुन्छ
कहिले माया बेसी हुन्छ
चाँदी भरी मेरो कथा सुन भरी तिम्रो कथा
गुन भरी तिम्रो कथा
तारा भरी मेरो कथा·····
कस्लाई चाँसो छ र याहाँ तिम्रो गीतको भाव बुझ्न २
कस्लाई फुर्सद छ र याहाँ मेरो गीतको भाव बुझ्न
कस्लाई चाँसो छ र तिम्रो गीतको भाव बुझ्न
मेरो गीतको भाव बुझ्न
तारा भरी मेरो कथा·····

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : दीपक जंगम

छाती भरी ब्यथाहरू मुटु भरी कथाहरू
( छलकीन्छन मेरा आँखाहरू ) २
छाती भरी ब्यथाहरू.....
( वसन्त पर्खिबसदा वसदै उदासी परेलिमा छाई सकेछ ) २
मेरो जिन्दगीमा कति छल आई सकेछ
छलकीन्छन् मेरा आँखाहरू २
छाती भरी ब्यथाहरू.....
बास मिठो खोजदा खोजदै उस्मा यो पाखामा सुकिसकेछ
बास मिठो खोजदा खोजदै उस्मा यो पाखामा सुकिसकेछ
मेरो ढुकढुकीमा तूफान चलेछ
छलकिन्छन् मेरा आँखाहरू २
छाती भरी ब्यथाहरू.....

सरोज प्रकाशनबाट
प्रकाशित गीत र गाइडका लागि सम्पर्क राख्नुहोस
जानुका पुस्तक भण्डार
विराट नगर

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : ओमबिक्रम विस्ट

आँखामा आँसु लिएर होइन
यो मैले भनेको हूँ प्रेमको कथा भन्दैछु याहाँ
मैले नै भोगेको प्रेमको कथा भन्दैछु याहाँ मैले नै भोगेको
आँखामा आँसु.....

हाँसेको देख्ने इच्छा थियो मेरो दु:खी दिलले
बिपना पनी सपना भयो आँसुको भेलले
मौनको बह बुझ्नेको यो दु:खो जोवनको
लाग्दछ मलाई यो गीत पनि संगीत उनैको
आँखामा आँसु.....

खोला पारी सुरीलो आवाज गुन्जीन्छ उनैको २
पिरतो वस्यो देख्ने वित्तिकै पहिलै पालामा
मोहनी लाग्यो उनैको सुरीलो गलामा
आँखामा आँसु.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : ओमविक्रम विस्ट

म मौनतामा अल्झिरहेको एउटा जोवन २
( कहाँ जाने कस्लाई सोध्ने कसला····ई खोजने ) २
मौनतामा अल्झोरहेको·····
( यसरी नै सारा जीवन अन्धकारमा रितीने हो की ) २
माया माया भन्दा भन्दै यो जीवन याहाँ डुब्ने हो की
म प्रतिक्षामा अल्झोरहेको एउटा जीवन
म मौनतामा·····
( यसरीनै सारा व्यथा शून्यतामा उड्ने हो की ) २
माया माया भन्दाभन्दै यो जीवन याहाँ रीत्तिने हो की
म आसै आसमा अल्झोरहेको एउटा जीवन
म मौनतामा·····एउटा जीवन·····

सरोज प्रकाशनबाट
प्रकाशित पुस्तकका लागि हामीलाई सम्झनुहोस्
जनसेवा पुस्तक भण्डार
राजविराज

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : किरण प्रधान

भूल हो तेरो भागी हिंड्ने जीवन देखी डराएर
याहाँ जीउनेहरू नै सब दुःख पाउँछन् मर्नेहरू सबै हारिन्छन्
भूल हो तेरो भागी.....

संसार सगै त घुम्दै जा अनि सारा संसार तेरै हो २
उडदै उडदै घुम्न सकिस भने जुन तारासम्म तेरै हो
जुन तारासम्म तेरै हो

भूल हो तेरो आराम खोज्नु यात्रा देखी थाकेर
याहाँ पडनेहरूनै लक्षमा पुग्छन् मर्नेहरू सबै हारीन्छन्
हारहरूको टिका लगाउ जीतहरूको टोपि जीतहरूको टोपी
आशाहरूको माला लगाउ निराशलाई छोपी निराशलाई छोप
भुल हो तेरा दया खोज्नु आँखाहरूलाई मिजाएर
याहाँ चढ्नेहरू नै टाकुरा पुग्छन् झुक्नेहरू सबै ओलिन्छन्
मल हो तेरो भागी.....

पुस्तकका साथै
सरोज प्रकाशनबाट प्रकाशित गाइडहरू यहाँ पाइन्छन्
सगरमाथा पुस्तक भण्डार
राजविराज

CC-0. In Public Domain. Digitization by eGangotri

**स्वर : दीपक खरेल**

मैले रचेका गीतहरू तिमीलाई भनैर नसम्झ
प्रीतिका क्रियाकलापहरू सम्झेर फेरी नसम्झ
मैले रचेका गीतहरू.....
तिमीले भन्ने गछुँ मलाई जिन्दगी तिम्रो नासो
धरति भरी सागर भरी कोहि छैन साटो
मैले सिकेका संगीतहरू तिमीलाई भनेर नसम्झ
प्रीतिका क्रियाकलापहरू.....
विवशताको राँकोले जीवनमा आगो लाए
आकाङ्क्षिएको धुँवामा तिम्रै तस्वीर देखेंथे
प्रीतिका क्रियाकलापहरू संझेर फेरी नसम्झ
मैले रचेका गीतहरू.....

**सरोज प्रकाशनबाट प्रकाशित**

पुस्तकका साथै पत्र-पत्रिकाकालागि हामीलाई सम्झनुहोस

**गुप्ता ब्रदर्स**

**रेलवे बुक स्टाल**

जनकपुर स्टेशन, जनकपुरधाम

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : उदितनारायण झा

मेरो जीवन क्षितीज डुबी जाने घाम जस्तै
हराई जाने छायाँ जस्तै बगी जाने खोला जस्तै
मेरो जीवन क्षितीज मुनि.....
जहिले सुकै ढलो जाने भत्किएका रूख जस्तै
कहिले पनि नहाँसेको मेरो आत्मा हुँगा जस्तै
हिउँ जस्तै चिसो मुटु बगर बन्छ कहिले
मेरो जीवन आकाशबाट झरी जाने तारा जस्तै
मेरो जीवन.....
जतातै शून्य मृत्युलोक जस्तै
मेरो संसार विधुवाको मेटिएको सिउँदो जस्तै
रित्ति दिन्छन् मेरो आँखा सुकि दिने आँशु सबै
मेरो व्यथा बेसहारा हुत्याई दिने कथा जस्तै
मेरो जीवन.....

GC-0. In Public Domain. Digitization by eGangotri

स्वर : ऊदितनारायण झा

जति पखिएमा उति बल्झीएमा
कसैलाई चाहें उति बल्झीएमा
उति बल्झीएमा
जति पखिएमा.....

मेरो बास फुलमा म हावामा झुल्ने
जता जाउँ उस्तै बनी आफु भुल्ने
हे हे....हो हो....मेरो बास फुलमा म हावामा घुल्ने
जता जाउँ उस्तै बनी आफु भुल्ने

अनायास आँखा जूधे भो चिनारी
त्यो आँखाको छायाँमा भयो मित्यारी
जती डुब्न खोजें उति उत्रिएमा
कसैलाई चाहें उति बल्झीएमा
उति बल्झिएमा

जति पखिएमा.....
मेरो केहि हरायो केहि पाए पनि
कतै संझनामा केहि गाए पनि
हे....हे....हो...हो....मेरो केहि हरायो केहि पाएँ पनि
कतै संझनामा केहि गाएँ पनि

म जस्तो छुँ उस्तै तिमी कस्तो
फेरि भुटु चल्छ तिमो नै जस्तो
जति तिमोलाई खोजें उति भेटिएमा
कसैलाई चाहें उति बल्झिएमा उति बल्झिएमा
जति पखिएमा.....

CC-0. In Public Domain. Digitization by eGangotri



( तिम्रो कसरी म विश्वास गरूँ मायालु ) २
( न तिम्रो बातको न तिम्रो लाजको ) २
कुनै एउटा फूल फुलीरहेछ मायालु
तिम्रो कसरी म.....
भवँरा भन्छ कलि हौ तिमी उसको
जुन भन्छ कलि हौ तिमी उसको
भवँरा भन्छ कलि हौ तिमी उसको
जुन भन्छ कलि हौ तिमी उसको
कलि हौ भने खोइ तिमीमा सुन्दरता
जुन हौ भने खोइ तिमीमा शीतलता
तिम्रो कसरी म विश्वास.....
हाँसो छ भने रूवाई होइन
मिलन छ भने विछोड होइन
तिम्रो कसरी म विश्वास.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : दीपक खरेल

( सुनसान रातमा म जागी दिंए
तिमीलाई संझनाकालागी ) २
धडकन पनि थामी दिएँ तिमीलाई बोलाउनका लागी
सुनसान रातमा.....
( धेरै रात काटी दिएँ यसै अब त दिन पनि भुलिसकें ) २
सुनसान रातमा.....
( याद छैन होला मेरी मायालुलाई मेरा रात सपनाका
गीतहरू ) २
बाँची दिएँ यहि सुरमा गीतमा मेरा भाखाहरू
सुनसान रातमा म जागो दिएँ.....

●

सरोज प्रकाशनबाट प्रकाशित
सूपरहिट फिल्म सङ्गीतका साथै गाइडहरू पाइने ठाऊँ
साहित्य केन्द्र
लहान बजार

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : दीप श्रेष्ठ, अन्जला मास्के

जति हाँसु भन्छु आँसुमा डुब्छ जीवन
अन्धकारमा ब्यूँझी व्यथा चर्किन्छ मेरो मन
जति हाँसु भन्छु आँसुमा.....
( खुशीका रंगहरू इन्द्रेणी झैं ओइलाएर ) २
ओ....ओ....आँखा मिच्दै चोटहरू मुटुभित्र पलाए
जति हाँसु भन्छु आँसुमा.....
( प्रितीका भूलहरू बादल पारी हराए ) २
ओ....ओ ..मेरा भाग्य रेखाहरू धुँवा बनि विलाए
जति हाँसु भन्छ आँसुमा.....

सरोज प्रकाशनका
पुस्तकका साथै स्टेशनरी पाइने ठाऊँ
छात्र पुस्तक भण्डार
सिरहा

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : भुवन के० सी०

झूठो कसमको पत्यार गरायौ मलाई
प्यार मेरो नासेर देखायौ मलाइ
मायालु साह्रै रुवायौ मलाई

{ मैले देखेका ती सपनाहरू
{ तिमिले अपुरो गराई दियौ } २

अतितका मेरा ती मिलनहरू किन तिमीले टुक्र्याइ दियौ
आफ्नो संझनु नै भूल भयो तिमीलाई
मायालु साह्रै.....
भुल्न खोल्दछुँ म तिमीलाई जब
आँखा रसाउन थाल्छन किन
भुल्न खोज्दछुँ म तिमीलाई जब
आँखा रसाउन थाल्छन किन
संझने छैन तिमीलाई अब
रात होस या कुनै दिन
यस्तो गरेर नसताउ तिमी कसैलाई
मायालु साह्रै रुवायौ मलाई.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : भुवन के० सी०

मादल बज्यो घिन्घीन्ताङ्ग तालैमा
पाछुं तिमीलाई म माया जालैमा
( पर्खं सानीलाई गुणैले मार्दिन्छु वैगुनीलाई ) २
मादल बज्यो.....

राम्री माथी राम्रो हुन नक्कल धेरै पार्ने
माया लाउँछु भन्ने मात्र सँधै तिमो टार्ने
नजीक जान लाग्यो भने सँधै नजरले मार्ने
पर्खं सानीलाई गुणैले.....

नेप्टिनी गहुँ गोरी फुलफुलेकी छोरी
धेरै नक्कल पार्छौं भने जान्छु तिमीलाई छोडी
पछि फेरी डाक्नु पर्ला दस औंला जोडी
पर्खं सानीलाई.....

सरोज प्रकाशनबाट प्रकाशित
पुस्तकका साथै पाठ्य पुस्तक पत्रपत्रिका शृंगार का
सामान र चुरोट चाकलेट पनि यहाँ पाइन्छ
महेन्द्र पुस्तक भण्डार
महेन्द्रनगर

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : भुवन के० सी०

कुन शहरमा छौ मायालु बन्ती मलाइ पत्र लेख
वैरी त होइन म पनि तिम्रो मनमा लागेका सबै लेख
कुन शहरमा छौ.....
सजाएको छु तिम्रो कसमलाई हृदयको मंदिरभीत्र
बिछोड भयो त के भो हाम्रो प्रेम रहोस पवित्र
कुन शहरमा छौ.....
पठाएको छु सन्देश तिमीलाई चिसो चिसो हावाको साथमा
जबाफ छिटै दि दिनु न त कलपिन्छु दिनरातमा
कुन शहरमा छौ.....

सरोज प्रकाशनवाट प्रकाशित
पुस्तक का साथै पाठ्य पुस्तक पनि यहाँ पाइन्छ
मेची पुस्तक भण्डार
दमक

CC-0. In Public Domain. Digitization by eGangotri



कति कमजोर रहेछ भाग्य
तिम्रो सिउँदो कोनं सकिन
कति कमजोर रहेछ रहर
तिम्रो आँसु पुछन सकिन
( धेरै अर्थ लाग्छ माया को तर हार नठानी दिनु ) २
( जति जे भो भैगयो मन मन्दोरमा सजाउनु ) २
कति कमजोर रहेछ भाग्य.....
( धेरै बाधाहरू अरूको तर दोष कसैलाई नदिनु ) २
( जति जे भो भैगयो मन मन्दिरमा सजाउनु ) २
कति कमजोर रहेछ.....

सरोज प्रकाशन वाट प्रकाशित पुस्तक
कासाथै स्टेशनरी पाठ्य पुस्तक यहां पाइन्छ
चन्द्र बुकडापो
धरान

CC-0. In Public Domain. Digitization by eGangotri



बितेका कुराले केहि चोट लाग्छ
तिमी टाढ़ा हुँदा घेरै दुःख लाग्छ
( मलाई जस्तै तिमीलाई पनि त्यस्तै हुन सक्छ ) २
मेरी मायालु मेरी मायालु
बितेका कुराले.....
( सपनीले साथ दिंदा संगै बसे जस्तो लाग्छ ) २
( बिपनीले झस्काई दिंदा चोट अझै बल्झोदिन्छ ) २
बितेका कुराले.....
कल्पो कल्पी रोएँ भने तिमी कहिल्यै नरून्नु
कल्पो कल्पी रोएँ भने तिमी कहिल्यै नरून्नु
मिलन नभइ मिटें भने तिमी बिचलित नहुनु
मिलन नभई मिटें भने तिमी विचलित नहुनु
बितेका कुराले केहि चोट लाग्छ
तिमि टाढ़ा हुँदा घेरै दुःख लाग्छ
( मलाई जस्तै तिमीलाई पनि त्यस्तै हुन सक्छ ) २
मेरी मायालु-२ मेरी मायालु-२
बितेका कुरा.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : भक्तराज आचार्य

झरना तिमी नझरी देउ
तृष्णा मेटाउन आउनेलाई।
सागर याहाँ नबगी देउ
डुबेर मर्छु भन्नेलाइ।
तिमीले गाएका गीतहरू
सुन्दैन सुनि दिनेले।
तिमीले लाएका प्रीतहरू
झुठो भनि दिनेलाई।
मेरो साथ नआउ भनिदेउ
सस्तो माया लाउनेलाई।
झरना तिमी न.....
तिमीले बोकेको व्यथाहरू
बुझदैन नबुझी दिनेले।
तिमीले रोएको बेलामा
हाँसी दिन खोजि दिनेलाई।
मेरो साथ नदेउ भनिदेउ
साथी बन्न खोज्नेलाई।
झरना तिमी.....

●

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : भक्तराज आचार्य

माया मेरी साँझ बनि डोलि चढ़ी आउँछिन्
एकान्त परेलिमा लुकेर निदाउँछिन् लुकेर निदाउँछिन्
माया मेरो साँझ.....
रात भरी हराउँछु म डुली सपनीमा
बोलाउँछिन् शीत भई हाँस्तै बिपनीमा
रात भरी हराउँछु म डुली सपनीमा
बोलाउँछिन् शीत भई हाँस्तै बिपनीमा
दिन भरी छाया बनी अघिपछि लाग्छीन्
एकान्त परेलीमा लुकेर निदाउँछिन्
लुकेर निदाउँछिन्
माया मेरी साँझ.....
फेरी उही गोधुलीमा भेट हाम्रो हुन्छ
युग युगसम्म हाम्रो प्रिती दोहरिन्छ
फेरी उही गोधुलीमा भेट हाम्रो हुन्छ
युग युग सम्म हाम्रो प्रितीदोहरिन्छ
यसरी नै माया मेरी सधैं मुस्कुराउँछिन्
एकान्त परेलीमा लुकेर निदाउँछिन्—
लुकेर निदाउँछिन्
माया मेरी साँझ.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : दीप श्रेष्ठ

अधरको मुस्कान केही होइन
जब तिमीले जोवनमा सजीवता ल्यायौ २
अधरको मुस्कान·····
पीरहरू पाइलामुनो हरायो
हत्केलामा सफलता लेखायो
आत्माको उदेश्य त केही होइन
जब तिमीले जीवनमा सजीवता ल्यायौ २
अधरको मुस्कान··· ····
निराशले मनलाई बिसायो
परिस्थिति संग लड़न सिकायौ
बाँच्ने सहारा त केही होइन
जब तिमीले जीवनमा सजोवता ल्यायौ २
अधरको मुस्कान त केही·····

सरोज प्रकाशनबाट प्रकाशित
पुस्तक का साथै पाठ्य पुस्तक पनि यहाँ पाइन्छ
पशुपति पुस्तक भण्डार
विराटनगर

CC-0. In Public Domain. Digitization by eGangotri



पोखिएर घामको झुल्का भुइँ सिंगारिएमा
तिम्रो जिन्दगीको ढोका खोलुँ खोलुँ लाग्छ हे
सयपत्री फूल टिप्दै कक्रो आंगनमा
बतासको भाषा टिपो बोलुं बोलुं लाग्छ है
पोखिएर घामको.....
कति कति आँखाहरू बाटो छेक्न आउँछन् २
परेलोमा वास मागन कति आँखा धाउँछन्
यति घेरै मानिसका यति घेरै आँखाहरू
मलाई तिम्रो आँखा रोजुँ रोजुँ लाग्छ है
पोखिएर घामको.....
उडुँ उडुँ लाग्छ किन प्वाँख कैले पलायो २
मनको शान्ति तलाउको पानी कसले चलायो
आफैलाई थाहा छैन कसलाई थाहा होला
त्यसैले त तिमीसित सोधुं सोधुं लाग्छ है
पोखिएर घामको.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : उदितनारायण झा

जीवनको हरक्षणमा कोही आई बोलाउँछ मलाई
सपनाको हरक्षणमा कोही आई जगाउँछ मलाई
जीवनको हरक्षणमा.....
मेरा इच्छाहरू मेरा कामनाहरू
मेरा भावहरू मेरा चाहनाहरू
घुलो पारी उडाई दिन्छ
कोही आई जिस्काउँछ मलाई
जीवनको हरक्षणमा.....
मेरा आशाहरू मेरा सपनाहरू
मेरा बिपनाहरू मेरा कल्पनाहरू
हावा बनाई उड़ाई दिन्छ
कोही आई डुलाउँछ मलाई
जीवनको हरक्षणमा कोही.....

---

सरोज प्रकाशनबाट प्रकाशित
पुस्तकका लागी हामीलाई सम्झनुहोस्
मैगजीन सेन्टर
जनकचौक, जनकपुरधाम

---

CC-0. In Public Domain. Digitization by eGangotri



पत्थर पनि पगाली याहाँ पिरती गाँसिन्छ
नौ लाख तारा जडेको गोत ( यै देश भित्र छ ) ३
पत्थर पनि पगालो.....

{ बुद्धले शांति गाँसेको देश यहींको माटोमा हो
ललित कला हाँसेको देश यहिको धरती हो } २

छोएर हेर याहाँको माटो सृजना जस्तो छ २
भीरेर हेर याहाँको बाटो तृषणा मेटदछ २
पत्थर पनि पगाली.....

सरोज प्रकाशनबाट

प्रकाशित हिन्दी गीत, नेपाली गीत, सामान्यज्ञान
र गाइडहरू यहाँ पाइन्छ

परेश स्टेशनरी स्टोर्स

धरान

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : ओम बिक्रम विष्ट

बितेको जीवन मेरो शिशीरको रूप जस्तो
रसोलो साथो पनिमेरो भयो मरुभूमि जस्तो
बितेको जीवन मेरो·····
वसन्त जीवन किन विधुवाको सिन्दुर जस्तो
यौवन पनि आज पतझडको मौसम जस्तो
मेरो आँखाको पानी सागरको रूप जस्तो
हुँ····हुँ····बितेको जीवन मेरो·····
यति दुःखी बिपना मेरो यति सबै सपना भयो
ओइलीएको फूल आज ओइलिएको पानी भयो
कति सस्तो रहेछ व्यथा जुनमा मिली गयो
हुँ····हुँ····बितेको जीवन·····

सरोज प्रकाशनका
पुस्तकका साथै स्टेशनरी पाइने ठाऊँ
दिलमाया पुस्तक भण्डार
नारायणघाट

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : प्रेमध्वज प्रधान

तिम्रो नाम लिई बोलाउँदा हजुर भन्ने तिम्रो बोली
संगीतको सूचना हुने नौलो वरदान हो कि
तिम्रो नाम लिई बोलाउँदा.....
तिम्रो संगीतहरूसंग जिस्कीएर कुरा गर्दा
तिम्रो सामु म आउँदा लजाउने सागर बन्छु
तिमीलाई केही भन्दा हवस् भन्ने तिम्रो बोली
संगीतको सृजनामा हुने नौलो बरदान हो की
तिम्रो नाम लिई.....
कहिले काहीं गिज्याई दिंदा मुहार मात्र छोपि दिन्छौ
रिसाउने बहाना गर्दै माया लगाई दिन्छौ
तिमी कस्को भनी सोध्दा हजुरकै भन्ने बोली
संगीतको सृजनामा हुने नौलो वरदान हो कि
तिम्रो नाम लिई.....

सरोज प्रकाशनबाट प्रकाशित

सूपरहिट फिल्म सङ्गीतका साथै गाइडहरू पाइने ठाऊँ

श्री शिव शंकर प्रेस

मलंगवा

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : प्रेमध्वज र तारादेवी

ऐना नभए आफ्नो अनुहार काहाँ हेर्छौं तिमी
तिम्रो नयनमा तिम्रो नयनमा
मुटु नभए आफ्नो माया काहाँ राख्छौ तिमी
तिम्रो बदनमा तिम्रो बदनमा
रातको आयु लम्बिएर बाह्र वर्षे भए हुन्थ्यो २
तिमी सामु हौ घाम नलागे मलाई हर्षै कति हुन्थ्यो २
हुँ....हुँ....हा....हा....घाम नलागे आफ्नो बाटो कहाँ
देख्छौ तिमी
तिम्रो जीवनमा तिम्रो जीवनमा
मुटु नभए आफ्नो माया काहाँ राख्छौ तिमी
तिम्रो बदनमा तिम्रो बदनमा
बरू यो विपना बदलिएर सब सपना भए हुन्थ्यो
तिमीलाई लिएर बसन्त भित्र लुक्न मजा कति हुन्थ्यो २
बिपना नफर्के सुख आफ्नो काहाँ पाउँछौ तिमी
तिम्रो चयनमा तिम्रो चयनमा
मुटु नभए आफ्नो माया काहाँ राख्छौ तिमी
तिम्रो बदनमा तिम्रो बदनमा
ऐना नभए आफ्नो.....

●

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : राधा मानन्धर

च्याति देउ पाना भरी लेखिएका प्रीतहरू
लेखिदेउ आँखा भरी कोरिएका चित्रहरू
च्यातिदेउ पाना.....
लेखिदेउ फूल भरी मेरो जती रूपहरू
लेखिदेउ सागर भरी मैले रूने आँसुहरू
च्यातिदेउ पाना.....
हेरी देउ काँड़ा भरी मेरा जति रूपहरू
बिर्सी देउ ओठ भरी रूने हाँस्ने गतिहरू
च्यातिदेउ पाना भरी.....

सरोज प्रकाशनबाट प्रकाशित

गाइड, नेपाली-गीत, हिन्दी-गीतका साथै पाठ्य पुस्तक र देश-विदेशका पत्र-पत्रिकाका लागि हामीलाई सम्झनुहोस

विद्या मन्दिर

गौर बजार

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : प्रेमध्वज र तारादेवी

तिम्रो घुम्टो भित्र लुक्न देउ प्रिये संसार भुल्न चाहन्छु म २
वसन्त झैं छौ तिमी तिमीमा छ बहार २
जिन्दगीको पहिलो भेट हो चाहन्छु दिन उपहार २
हजुर नै मेरो सिउँदोको सिंदूर हजुर नै मेरो देवता
चाहिदैन केही उपहार मलाई भए पुग्छ हजुरकै प्यार २
हुँ····हुँ····तिम्रो घुम्टो·····
सर्माए झैं छन् तिम्रा नशीला आँखाहरू २
लजाए झैं छन् तिम्रा प्यारका भाखाहरू २
हजुर नै मेरो मन्दिरको पूजा हजुर नै मेरो देवता
जीवनको लामो सफरमा पाएर बसुँ ममता २
हुँ····हुँ····तिम्रो घुम्टो भित्र·····

सरोज प्रकाशनबाट प्रकाशित

गाइडहरूका साथै सुपर नेपाली लोक गीत संग्रह,
हिन्दी गीत पनि यहाँ पाइन्छ

मजदूर पुस्तक भण्डार

जनकपुरधाम

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : दीपक जंगम

तिमीलाई म आज आफ्नो मनको कथा सुनाउँछु
तिमीलाई म आज आफ्नो भित्री मुटु बनाउँछु
तिमीलाई.....

तिमी जस्तै मायालु ति मेरो आँसु पुछिदिने
कदम कदममा जीवन दिन्छु मलाई भन्ने
ती सबै रहेछन् आखिर मायाको अधिन गर्ने
तिमीलाई.....

फूलभन्दा कोमल रूपमा काँडाको आभास पाएँ
तिम्रो मुहारमा सारा जीवनको मोल पाएँ
आज तिमी मलाई आफ्नो बनाई हेर
तिमीलाई म आज आफ्नो
मनको कथा सुनाउँछु

सरोज प्रकाशनबाट
प्रकाशित गीत र गाइडका लागि सम्पर्क राख्नुहोस
सरस्वती सदन
जनकपुरधाम

CC-0. In Public Domain. Digitization by eGangotri



आँखादेखी आँखासम्म सपना बग्दैछ
त्यो सपनामा डुब्न सक्ने माया चाहिन्छ
खोलादेखी खोलासम्म पानी बग्दैछ
त्यो पानीमा भीज्न सक्ने माया चाहिन्छ
आँखा देखी आँखा.....
कस्ले मलाई छुन खोज्यो हावा झैं
कस्ले मलाई माया गऱ्यो माया झैं
कस्ले मलाई हेर्न खोज्यो दृश्य झैं
कस्ले मलाई बोलाई दियो नाम झैं
मान्छेदेखी मान्छेसम्म मुटु रित्तो छ
त्यो मुटुमा लुक्न सक्ने माया चाहिन्छ
आँखा देखी.....
तिमी नभएको यो एकान्तमा
म त भित्र मुटुदेखी चर्किन्छु
तिमी नभएको जीवन के बाँच्नु
म त तिमीलाई मृत्युसम्म पर्खिन्छु
जीवनदेखी जीवनसम्म डाँड़ा उभिन्छ
त्यो डाँड़ालाई नाघ्न सक्ने माया चाहिन्छ
आँखादेखी आँखासम्म.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : वासुदेव मुनाल

वर्णन तिम्रो कसमा गरूँ गरेर सकिन्न २
यो छाती भोत्र राखेका चित्र मेटेर मेटीन्न
ओ····ओ····वर्णन तिम्रो कसमा·····
नौ लाख तारा घुम्टोमा तिम्रो चम्केको आज देख्छुँ
मुहार भरी स्वर्गको परी झल्केको आज देख्छुँ
नदिको धार सुकेजस्तो लाग्छ पानीले तिमीलाई देखेर
स्वागतमा तिम्रो फूलहरू फुल्नेछन् तिमीलाई देखेर
ओ····ओ····वर्णन तिम्रो कसमा·····
कोमल तो पाउ जमीनमा पर्दा सुबास छरीन सक्छ
सुकाउँदा केश सुबासमा तिम्रो वसन्त आउन सक्छ
मलाई लाग्छ अभावमा तिम्रा संगोतमा राग छैन
ओ····ओ····वर्णन तिम्रो कसमा

सरोज प्रकाशनबाट

सुपर नेपाली लोक गीत संग्रह, हिन्दी हिट फिल्म संगीत का साथै देश विदेशका पत्र-पत्रिका पनि यहाँ पाइन्छ

समीक्षा सेन्टर

राजविराज

CC-0. In Public Domain. Digitization by eGangotri



( बैगुनी छौ माया तिमी माया गछुं भन्छौ सामु पर्दैनौ ) २
यो माया कस्लाई हो—हजुरलाई नै होनी
यो छायाँ कस्को हो—हजुरकै होनी
बैगुनी छौ माया.....

जुन बनी उदायौ तिमी अँध्यारो जीबनमा मेरो
फूल बनी फुली दियौ शून्य जीवनमा मेरो
जुन बनी उदायौ तिमो अँध्यारो जीवनमा मेरो
फूल बनी फुली दियौ शून्य जीवनमा मेरो
यो जीवन कस्लाई हो— हजूरलाई नै हो नी
यो फुल कस्को हो—हजुरकै हो नी
बैगुनी छौ माया तिमी.....

हजुरकै हाँसो हजुरकै खुसी जीवनको साइनो मेरो
जे भने हुन्छ हजुरले मलाई हजुरकै जिन्दगी मेरो
हजुकै हाँसो हजुरकै खुशो जीवनको साइनो मेरो
जे भने हुन्छ हजुरले मलाई हजुरकै जिन्दगी मेरो
यो माया कस्लाई हो—तिमीलाई नै हो नी
यो छाया कस्को हो—तिम्रै हो नी
बैगुनी छौ माया हजुर माया गछुं भन्छौ सामु वर्दैनौ

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : शुशीला कंसाकार

उडी जाऊँ भने मेरो कहीं प्वाँख छैन
बसी रहुँ भने मेरो कहीं मन छैन
मेरो साथी छैन मेरो संगी छैन
कोहा आफ्नो छैन पराया छैन
तर वर घर जान मन छैन २
उडी जाऊँ भने.....

सय चोटि फूल फुल्दछ भने जोवन एक चोटी
फक्रन्छ यहाँ पिरती एक क्षण कसैको एक मुठो
मलाई डर छैन, मलाई कर छैन भन्न शक्ति छैन
तर वर घर जा न मन छैन २

मायाको फूल भित्तामा हाम्रो कुनै दिन पलाउला
सोचेर हैन देखेर हैन लेखेरै भनौला
मेरो साथ छैन मेरो पिरतीको यहाँ आश छैन
तर वर घर जान मन छैन २
उडी जाउँ भने.....

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : कमला श्रेष्ठ

सहि दिन्छु कुट बरू, बोलीले नकुट
मरी दिन्छु मार बरू, वचनले नमार
कसैकी त छोरी हुँ म कसैको वुहारी
जीवन मेरो बित्छ क्यारे दुःख गरी गरी दैव
सहि दिन्छु.....

माइतो गयो आमा सोच्छिन् छोरी किन आईस
घर बस्यो सासु सोध्छीन्, दाईजो कति ल्याईस
दाइजो ल्याउन सक्ने भए, यो घर किन आउँथे
सुखसंग बस्न छाड़ी, गालो किन खान्थे दैव
सहि दिन्छु.....

गोडा मिच्न नगएमा, सासु कर्कर गर्छिन्
भान्सा चाँजो नगरेमा, नन्द ठुस्स पर्छिन्
एक्लो मेरो जीउले आज कति काम भ्याउने
दैवले भनिदेउ म मर्ने कि बाँच्ने दैव
सहि दिन्छु कुट करू.....

सरोज प्रकाशनबाट प्रकाशित पुस्तक
सुपर नेपाली लोक गीत संग्रह, हिट फिल्म संगीतका
साथै गाइडहरू पनि यहाँ पाइन्छ
बैद्य बुकडीपो
जलेश्वर

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : मिरा राणा

मखमली चोलो चाहिंदैन रेशमी सारी चाहिंदैन
नाकैमा फूलि नि कानैमा ढुङ्ग्री चाहिंदैन मलाई चाहिंदैन
म त सानी सानी पहाडकी नानी चोखो छ मेरो जवानी
मखमली चोलो.....

छाड़ेर जान्न जन्मेको गुँड पखेटा लाग्दैमा
भुलेर जान्न ऐसेंलु घाटी बगैंचा पाउँदैमा
अत्तारको वास चाहिंदैन अत्तारको लाली चाहिंदैन
पहाडी रंग रूप छ आफ्नै व्यर्थैको शृंगार चाहिंदैन
मखमली चोलो.....

मागेर खान्न झुकेर खान्न खोजेर खादिन
दुइ हातको कमाई ठिक्क छ मलाई केही भर चाहिंदैन
सुनको गहना चाहिंदैन हिराको हार चाहिंदैन
नक्कले होइन यो मेरो जीवन नक्कले माया चाहिंदैन
मखमलो चोलो चाहिंदैन.....

सरोज प्रकाशनबाट प्रकाशित

गाइडका साथै नेपाली-गीत, फिल्मी-गीत यहाँ पाइन्छ

सुनसरी पुस्तक भण्डार

धरान

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : अरुणा लामा

मलाई आँखैमा बसाउनु पर्दैन है मेरो मायालाई नबिर्सि
पुगोहाल्छ
मलाई आफ्नै बनाउनमा कर छैन मलाई बिरानो
नसम्झे पुगोहाल्छ
दुई दिने जोवन ढल्केर जाइजान्छ एउटै मायाले
जीवनलाई साटिन्छ ?
एउटै डाँडाले आगो कहाँ बल्छ, दुइटै मानिसले
घरबार सप्रिन्छ
मलाई गर्दुवा ल्याईदिनु पर्दैन है, मायाले एउटै फूल
सिउरे पुगोहाल्छ
घरको आँगन संसार भन्दा ठूलो छ मनको माया
आकाश भन्दा गहिरो छ
मेवा मिष्टान खान पर्नें कर छैन सन्तोष मलाई
सागपात नै मिठो छ
मलाई रेशमले सिंगार्नुपर्दैन है माँगमा सिंदुर चुहाए
पुगीहाल्छ

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : अरूणा लामा

तरूनीको रात सधै रोइरहन्छ
आँखाबाट आँसुको फूल उम्री दिन्छ
तरूनीको रात.....

मुटुबाट कोही सुस्ताई रहेछ
चिसो सासलाई कोही गुन्गुनाई रहन्छ
रात छल्न वास्न बिरान ओइली दिन्छ
सेतो आँचल प्रियको फरफराई रहन्छ
तरूनीको रात.....

फेरी कुरा गर्छ फेरी आँशु गुडछ
फेरी तिर्खालु छ फेरी सुनसान हुन्छ
फेरी प्रात हुन्छ फेरी सुख ल्याउँछ
सिरानीको फूल सिरानीमै सुक्छ
तरूनीको.....

सरोज प्रकाशनबाट प्रकाशित
पुस्तकका साथै पत्र-पत्रिकाकालागि हामीलाई सम्झनुहोस
दीपक पुस्तक भण्डार
मोरचइया

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : भुवन के० सी० र तीर्थ कुमारी

म रूप हुँ तिमी दर्पण
म गीत हुँ तिमी सरगम
हामी दुबै जोवनको लामो बन्धन २
म रूप हुँ तिमी.....

सागर सरी तिमी शान्त रहे
लहर बनो जिस्क्याउँला
सागर सरी तिमी शान्त रहे
लहर बनी जिस्क्याउँला
बादल सरी तिमी उडन खोजे २
पहाड बत्ती अंगालो दिउँला
म रूप हुँ तिमी दर्पण.....
तिम्रो मुटुको गहराईमा
आबाज बनी गुन्जो रहुँला
तिम्रो मुटुको गहराईमा
आवाज बनी गुन्जी रहुँला
तिम्रा कुमारी आँखाहरूमा २
गाजल बनी सजीरहुँला
म रूप हुँ तिमी दर्पण
म गोत हुँ तिमो सरगम
हामी दुबै जीवनको लामो बन्धन २
म रूप हुँ.....

●

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर : उदितनारायण झा

संगीत : नातिकाजी

रचना : यादव खरेल

सुवासले मात्र दिल लोलाई नदेउ, आशाले छोइदेउ २
छाँयाले मात्र झुक्याई नदेउ मायाले बाँधीदेउ २
सुवासले मात्र दिल.....

सागर भरी लालीमा छायो वसन्त उदायो
सपनी तिम्रो टुना पो छ कि रातमा बिऊँझायो २
सुवासले मात्र.....

जुनकिरी सारा आकाशका तारा एकै छौ मसित २
के साह्रो तिमीले लढ्घायौ मलाई भुल्दीन त्यो प्रीत
सुवासले मात्र दिल.....

सरोज प्रकाशनबाट

प्रकाशित पुस्तक र देश-विदेशका पत्र-पत्रिका यहाँ पाइन्छ

पत्र-पत्रिका केन्द्र

विराटनगर

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द : कृष्ण पराजुली

संगीत : नातिकाजी

स्वर : उदितनारायण झा

तिमीलाई देखेर आँखा त्यहीं छोडी म
त्यहीं छोडी हिडे म त्यहीं छोडी हिडे म तिमीलाई
तिमीलाई देखेर.....

बाटो सुनसान भईसकेको थियो २
जुन बिलाएर गैसकेको थियो २
बिस्तारै हिडेको कोहो साथमा
तिमीलाई देखेर पाईला त्यहीं छोडी हिंडे म
बोलाउँ, बोलाउन हुँदैनथ्यो २
भुलुँ भने यो मनले दिंदैनथ्यो २
भैंचालो, चलाई एक्लो रातमा
तिमीलाई देखेर मुटु त्यहीं छोडी हिंडे म

सरोज प्रकाशनबाट प्रकाशित

पुस्तकका साथै पत्रपत्रिका पनि यहाँ पाइन्छ

भट्टराई पुस्तक पसल

धरान बस स्टैन्ड (विराटनगर)

CC-0. In Public Domain. Digitization by eGangotri

रचना : कालीप्रसाद रिमाल

स्वर : नारायण गोपाल

संगीत : गायक स्वयं

आंखा छोपि नरोउ भनी भन्नु पऱ्या छ
मुटुमाथी ढुङ्गा राखी हांस्नु पऱ्या छ—हांस्नु पऱ्या छ
आंखा छोपि नरोउ.....

भोली उठी कहां जाने केहो थाहा छैन
फर्कि आउने हो कि होईन केही थाहा छैन २
वाचा छिटै आउँछु भनी गर्नु पऱ्या छ
मुटुमाथी ढुङ्गा.....

छाती भरी गाउँ बेसी पखेरीको छाया
आंखा भरी मेलापात मायालुको माया २
आफैलाई छाडी कतै जानु पऱ्या छ
मुटुमाथी ढुङ्गा राखी.....

भन्ने कुरा कति थियो छाती भित्र रह्यो
परेलीका ओठबाट आंशु झरी रह्यो २
कुल्चिएर आफैलाई हिड्नु पऱ्या छ
मुटुमाथी ढुङ्गा राखी हांस्नु पऱ्या छ--हांस्नु पऱ्या छ

●

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सरोज प्रकाशन बाट प्रकाशित पुस्तक का लागि
हाम्रो सोल एजेन्ट संग सम्पर्क राखनु होस्

श्री जानकी पुस्तक भण्डार
जनकपुर धाम (नेपाल)